# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली, सुदुर पश्चिम प्रदेश,नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी,कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राजश्व ०७६।०७७
च.नं.

विषय :- बस बिसौनीमा सवारी साधन पार्किङ्ग शुल्क संकलन कार्य ठेक्कामा दिने सम्बन्धि शिलवन्दि वोलपत्र आव्हानको सूचना । दोश्रो पटक प्रकाशित मिति:२०७६।७।२४

यस धनगढी उप-महानगरपालिकाको स्वामित्वमा रहेको बस विसौनीमा आउने जाने बस एवं अन्य सवारी साधनको पार्किङ्ग शुल्क र बसपार्क टर्मिनल भवनको भुई तल्ला समेत ठेक्कामा लगाउन स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ९ को दफा ६० बमोजिम आ.ब. ०७६।०७७ को ठेक्का शुरू भएको दिन देखि देखि ५ बर्षका लागि सिलबन्दि बोलपत्रको माध्यम द्धारा ठेक्कामा लगाउनु पर्ने भएकोले बिशेष अवस्थामा ठेक्का समयलाई मध्यनजर गरी यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त कार्य ठेक्कामा लिन चाहने ईच्छुक व्यक्ति, फर्म वा संघ संस्थाहरूले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरु

१। न्यूनतम ठेक्का अंक रू ६५,००,०००। (पैसट्ठीलाख मात्र ) कायम गरिएको छ र कार्यसम्पादनका आधारमा प्रति बर्ष ७ प्रतिशतका दरले बृद्धि हुने गरी ठेक्काको अवधि नकिरण गर्न सकिनेछ ।

२। निवेदन सहितको वोलपत्र मिति २०७६।७।३० गते कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाको कोठा नं. १०७ बाट रू.३०००। (फिर्ता नहुने गरी) बोल पत्र दस्तुर तिरी खरीद गर्न सकिनेछ ।

३। वोलपत्र मिति: २०७६।८।१ गते १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०७६।८।१ गते दिनको २।०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

४। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।

५। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७०३०३००७१०२ मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

६। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली, सुदुर पश्चिम प्रदेश,नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राजश्व ०७६।०७७
च.नं.

७। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

८। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९। उक्त स्थानमा प्रयोग भएको बिधुत महशुल स्वयं ठेकेदारले नै नेपाल विधुत प्राधिकरणमा बुझाई न.पा.लाई जानकारी दिनु पर्नेछ ।

१०। बसपार्क हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा ठेक्का हुनेछ र संकलन गर्ने कर तथा शुल्कको दर www.dhangadhimun.gov.np मा हेर्न सकिनेछ ।

११।यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको र म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१२। यो सूचना यस कार्यालयको सूचना पाटी, बसपार्कको सूचना पाटी र वेभसाईट www.dhangadhimun.gov.np मा समेत राखिएको छ ।

१३। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र राजश्व शाखाको फोन न. ०९१५२१३२९ मा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत